दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २७० | बुटवल | २०८३ असोज ३० गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday October 16, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पु-याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## दसैंको किनमेल :

# भारतीय बजारमा नेपालीको भीड, स्वदेशी बजार सुनसान

**मोहम्मद हबिब**

*भैरहवा*



बडादसैं तथा तिहारजस्ता ठूला पर्वहरू नजिकिएसँगै सीमावर्ती भारतीय बजारहरूमा नेपाली उपभोक्ताहरूको घुइँचो तीव्र रूपमा बढेको छ। दसैंको पहिलो दिन घटस्थापनादेखि नै रूपन्देही जिल्लाका स्थानीयहरू पर्वको तयारीमा जुटेका छन् । छिमेकी मुलुक भारतसँगको खुला सीमाका कारण यस जिल्लाका बासिन्दाहरू दसैंका लागि आवश्यक सामग्रीहरू सस्तो मूल्यमा खरिद गर्न सीमापारिका भारतीय बजारहरूमा जाने गरेका छन् ।

भारतीय सीमावर्ती बजारमा किनमेल गर्ने क्रम दसैंअघि नै सुरु भएको थियो भने घटस्थापनायता यो झनै बढेको छ। नेपाल आफ्ना धेरैजसो आर्थिक तथा उपभोग्य आवश्यकताका लागि भारतबाट हुने आयातमा निर्भर छ । चाडपर्वका बेला सीमापारि गएर सामान खरिद गर्ने यस्ता गतिविधिहरू उल्लेख्य रूपमा वृद्धि हुने गरेका छन् । विशेष गरी सीमा क्षेत्रमा रहेका नेपालका ठूला सहरहरूसँग जोडिएका बेलहिया-सुनौली, नौतनवा, ककरहवा, भगवानपुरलगायतका भारतीय बजारहरूमा दैनिक हजारौंको संख्यामा नेपाली उपभोक्ताहरू दसैं तथा छठ पर्वको किनमेलका लागि पुग्ने गरेका छन् । मुख्य गरी चिनी र लताकपडा सस्तो पाइने लोभमा भारतीय बजार पुग्ने नेपालीहरूले खाद्यान्न, घरायसी सामानका साथै अन्य विभिन्न उपभोग्य सामग्रीहरूसमेत खरिद गरेर फर्किने गरेका छन। दसैं सुरु भएसँगै दैनिक जसो खरिददारीका लागि भारत जाने नेपालीहरूको भीड सीमानाकामा झनै बढेको छ। स्थानीय बजारमा आयातित सामान उपलब्ध गराउने प्रयास गरिए तापनि राम्रो विकल्प र सस्तो मूल्यको खोजीमा सीमापारि जाने नेपालीहरूको संख्यामा कुनै कमी आएको छैन । रूपन्देही र आसपासका धेर स्थानीयका लागि भारतीय सीमावर्ती सहर सुनौली दसैंको किनमेल गर्ने प्रमुख गन्तव्य बन्दै आएको छ।

दसैं-तिहारजस्ता प्रमुख पर्वका बेला सर्वसाधारणको सामान्य खरिददारीबाट मात्रै अर्बौं नेपाली रुपैयाँ भारततर्फ बाहिरिने गरेको छ। अहिले नेपालसँग जोडिएका खुला भारतीय सीमावर्ती सहरहरूमा दैनिक लाखौंको व्यापार भइरहेको छ। यसले गर्दा पर्व नेपालीको भए पनि व्यापारिक दृष्टिकोणले भने भारतीय व्यवसायीहरूका लागि नै वास्तविक रूपमा दसैं आएको जस्तो देखिन्छ । सीमापारि भारतीय बजारमा नेपाली उपभोक्ताको घुइँचो लागिरहँदा यता नेपाली बजारहरूमा भने खासै चहलपहल र रौनक देखिँदैन । नेपाली उपभोक्ताहरू दैनिक उपभोग्य वस्तु, चिनी, कपडा, तेल लगायतका सामान खरिद गर्न सीमापारि पुगेपछि स्वदेशी बजार सुनसान बनेको हो ।

सिद्धार्थ उद्योग वाणिज्य संघ लगायतका व्यावसायिक संस्थाहरूले कमजोर भन्सार नियमन र खुला सीमाबाट हुने चोरी-निकासी तथा पैठारीका कारण राजस्व सङ्कलनका साथै आन्तरिक व्यावसायिक कारोबारमा गम्भीर असर परेको बताउँदै आएका छन् । नेपाल प्रहरी र सशस्त्र प्रहरीले दैनिकजसो विभिन्न सीमानाकाबाट तस्करी गरी ल्याइएका अवैध सामानहरू नियन्त्रणमा लिने र भन्सार दाखिला गर्ने काम नियमित रूपमा गरिरहेका छन । प्रहरीको निरन्तरको सक्रियता र कडाइका बाबजुद पनि सीमा क्षेत्रबाट हुने अवैध चोरी-तस्करी भने पूर्ण रूपमा रोकिन सकेको छैन । तस्करहरूले नयाँ-नयाँ चोरबाटो र शैली अपनाएर बजारभरि तस्करीका सामान छ्यापछ्याप्ती पुऱ्याइरहेका छन् ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यका अनुसार भन्सार कार्यालय, सशस्त्र प्रहरी र नेपाल प्रहरीका प्रमुखहरूसँग निजी क्षेत्रले समस्या राखेर बेलहिया यात्रु शाखा अगाडि चेकजाँचमा कडाइ गरिएता पनि भारतीय व्यवसायीहरूले नै अनलाइन वा फोनमार्फत् अर्डर लिएर नेपालीका घर-घरमै सामान पुऱ्याउने काम गरिरहेका छन् । त्यस्तै, च्याम्बर अफ कर्मस रूपन्देहीका अध्यक्ष सचिन रोक्काले पर्वका बेला अर्बौंको खुद्रा व्यापार भारतमा हुने गरे पनि नेपाल सरकारले त्यसबाट कुनै लाभ लिन नसकेको बताए। भन्सार कार्यालयले न्यूनतम रु. १०० भन्दा बढीको सामान खरिद गरी ल्याएमा संक्षिप्त प्रज्ञापनपत्र लगाउने निर्णय गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा राज्यले राजस्व गुमाइरहेको र नेपाली बजार मारमा परेको छ।

नेपाली उपभोक्ताहरूमा मूल्य र गुणस्तरको सही तुलना गर्ने सचेतना नहुँदा पनि धेरैजसो खरिददारीका लागि सीमापारि धाउने गरेका छन। सुनौली बजारका किराना व्यवसायी रिजवानका अनुसार अहिले दसैंको किनमेलका लागि आउने नेपालीहरूको चाप निकै उच्च रहेको छ र पहिलेको तुलनामा ग्राहकहरू बढेका छन् । दसैंका बेला बिहान पसल खुल्नेबित्तिकै नेपाली ग्राहकहरूको घुइँचो लाग्छ र यो क्रम अबेर साँझसम्म जारी रहन्छ।

दसैंका किनमेलकर्ताहरूका माझ लोकप्रिय रहेका लत्ताकपडा, सिङ्गारका सामान (कस्मेटिक) र खाद्यान्नका सामग्रीहरूले त्यहाँका पसलहरू भरिभराउ छन् । सुनौली बजारमा रुपन्देहीका भैरहवा, बुटवल र ग्रामीण क्षेत्रका उपभोक्ता मात्र नभई छिमेकी जिल्लाहरू पाल्पा, गुल्मी र अर्घाखाँचीका उपभोक्ताहरूसमेत किनमेलका लागि पुग्ने गरेका छन् । सुनौली बजारमा सबैभन्दा बढी बिक्री हुने चिनीको खुद्रा मूल्य प्रति केजी रु. ८५ रहेको छ भने नेपालतर्फ भने चिनी प्रति केजी रु. ११० देखि १४० सम्ममा बिक्री भइरहेको छ।

चिनी र केही कपडाबाहेक अन्य धेरै सामानको मूल्यमा नेपाल र भारतीय बजारमा खासै ठूलो फरक नरहेको स्थानीय व्यवसायीहरू बताउँछन् । उपभोक्तामा चेतनाको अभावका कारण सस्तोको नाममा अखाद्य र गुणस्तरहीन सामान खरिदसमेत भइरहेको छ। सीमापारि पाइने गुणस्तरहीन तेल, घिउजस्ता वस्तुहरूको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने चिकित्सकहरूको भनाइ छ। उपभोक्ताहरू सचेत नभएसम्म र राज्यको नीति दरिलो नभएसम्म नेपाली बजारभन्दा सस्तो पाउने भ्रममा सीमापारि नै सर्वसाधारण ओइरिने क्रम जारी रहनेछ।

सुनौलीमा किनमेल गरिरहेका नेपालीहरूलाई किन यहाँ आएको किनमेल गर्न भन्ने प्रश्नमा सबैको एउटै जवाफ सस्तो र मूल्यमा धेरै फरक रहेको बताए । यस्को मतलब नेपालीले धेरै नाफा खाए भन्ने हो त ?

नेपालका स्थानीय व्यापारी र व्यवसायीहरूले चाडपर्वको मौका छोपेर हरेक सामानमा अत्यधिक मूल्य असुल्ने गरेको छन् । कसैलाई रहर छैन तर आफ्नो सहरमा भन्दा सस्तो मूल्यमा गुणस्तरीय सामान पाउने आशामा नेपालीहरू सीमापारि पुग्ने गर्छन् । त्यसल गदो भारतीय सहरको अर्थतन्त्रलाई बलियो बनाउन नेपालील् ठूलो योगदान पुऱ्याएको छन् । सर्वसाधारण मात्र नभई नेपाली व्यापारीहरू स्वयंले पनि त्यहाँका पसलहरूबाट सामान आयात गरी बिक्री गर्ने गरेका छन् ।

पछिल्लो समय नेपाली युवा-युवतीहरूले समेत भारत पुगेर सामानहरूको प्रचार सामाजिक सञ्जालमार्फत् गरी व्यापारको नयाँ माध्यम बनाएका छन् । उनीहरूले टिकटक, फेसबुकजस्ता माध्यममा फोटो-भिडियो पोस्ट गरी अर्डर लिने र भारतबाट कपडालगायतका सामान अवैध रूपमा भित्र्याएर घर-घरमा पुऱ्याउने गरेका छन् । नाम नबताउने शर्तमा टिकटकबाट व्यापार गर्दै आएकी एक युवतीले लगानी र स्टक राख्ने झन्झटविना अर्डरका आधारमा सामान मगाएर राम्रो कारोबार भइरहेको बताइन । दर्तासमेत नगरी र पसल भाडा नतिरी सामाजिक सञ्जालमार्फत व्यापार गर्नेहरूको संखया पछिल्लो समय गुणात्मक रूपमा बढ्दै गएको छ।

खुला सीमा, बजारमा आएको आर्थिक मन्दी र अनधिकृत व्यापारका कारण स्वदेशी व्यवसायीहरू विस्थापित हुने र धराशायी बन्ने स्थिति सिर्जना भएको छ। अर्कोतर्फ, भैरहवा भन्सार कार्यालयले भने सीमामा चेकजाँच कडाइका साथ भइरहेको र यात्रु शाखाको निगरानी बढाइएको दाबी गरेको छ। भन्सार प्रशासनका अनुसार चेकजाँचको कडाइले यात्रु शाखाबाट हुने राजस्व सङ्कलनमा वृद्धि भएको छ । पर्वलाई लक्षित गर्दै सीमामा चाप बढेको भए पनि पहिलेको तुलनामा भन्सार तथा सीमा नियमनलाई चुस्त बनाइएको भन्सार कार्यालयको भनाइ छ।

स्थानीय प्रशासन तथा निकायहरूले बजारमा गुणस्तरको प्रभावकारी अनुगमन गर्ने र व्यापारीहरूलाई मनपरी मूल्य असुल्नबाट रोक्ने हो भने सर्वसाधारणलाई स्वदेशी सामान खरिद गर्न प्रोत्साहित गर्न सकिन्छ। यसले चाडपर्वका बेला करोडौं नेपाली रुपैयाँ विदेशिनबाट जोगिनेछ । अन्यथा, साना-ठूला खरिदका लागि नेपालीहरू भारतीय सहरमै ओइरिने क्रम जारी रहनेछ, जसको प्रत्यक्ष मार स्थानीय बजार र समग्र अर्थतन्त्रमा परिरहने छ।

MAHARAJA
THE ROYAL
CASINO
BHAIRAHAWA

WE ARE
HIRING!
Be a Part of Something Extraordinary!

WALK-IN INTERVIEW

Interview Date & Time:
31st October 2026 | 09 am - 05 pm
Location:
Siddharthanagar, Bhairahawa

OPEN POSITIONS

Casino Gaming
• Dealer (Fresher) - 70*
• Shift Manager - 10
• Pit Manager - 10
• Inspector - 20

Food & Beverage
• Waiter/Waitress - 50
• Bartender - 10
• Cook - 20

Operation & Guest Services
• Security (Bouncer) - 15
• Housekeeping - 50
• VIP Services - 20
• Front Desk -20
• Driver - 10

Corporate & Support
• Business Development - 10
• Administration - 1
• Surveillance - 10
• Cash Desk - 50
• Finance - 1
• IT - 1

*Requirements For Fresher for Casino Gaming Department
• Minimum Height: 5.2 ft without heels
• Please bring your updated CV along with a **recent photograph** for the walk in interview.

WHY JOIN US?
Attractive Compensation | Career Growth Opportunities | Supportive Work Environment

APPLY NOW!
Send your updated CV to:
hr.bhw@maharajalife.com
For any Queries, Please Contact us at:
+977-9714639600

Local Talent · Local Opportunity · New Career
Your Future Starts Here!

## संगठित अपराधको मुद्दामा पनि मिलापत्र हुनसक्ने



बुटवल । सङ्गठित अपराधको मुद्दा खेपेकाहरूलाई पनि मिलापत्रबाट मुद्दा टुङ्ग्याउने बाटो खुलेको छ। महान्यायाधिवक्ता कार्यालयले सङ्गठित अपराधसँगै अर्को आरोप पुष्टि भएको अवस्थामा समेत मुद्दामा मिलापत्र गर्न सकिने भनी मातहतका कार्यालयमा परिपत्र गरेको हो ।

महान्यायाधिवक्ता कार्यालयका अनुसार, मिलापत्र हुने अर्को कसुर स्थापित भएको तर मुद्दा हेरेको अदालतले सङ्गठित अपराधको आरोप स्थापित नभएको ठहर गरेमा मिलापत्र गर्न सकिनेछ। महान्यायाधिवक्ता कार्यालयले गत साता यसबारे परिपत्र गरेको हो ।

तीन वर्षभन्दा बढी कैद सजाय हुने अपराधमा दुईभन्दा बढी व्यक्तिहरूको संलग्नतामा सङ्गठित रूपमा अपराध गरेमा सङ्गठित अपराधको मुद्दा चल्छ । त्यस्तो अवस्थामा आरोपितहरूलाई मूल कसुरका अतिरिक्त डेढ गुणा सजाय हुन सक्छ। यसअघि सङ्गठित अपराधमा मिलापत्रको व्यवस्था थिएन। कार्यालयले मिलापत्र हुने र नहुने मुद्दा एकसाथ पेस भएमा पनि आंशिक मिलापत्र गर्न सकिने जनाएको छ। महान्यायाधिवक्ता कार्यालयले मिलापत्र हुने र नहुने मुद्दाहरू जोडिएको र अदालतबाट मिलापत्र नहुने मुद्दामा आरोप स्थापित नभएमा अरू मुद्दामा मिलापत्र गर्न सकिने प्रष्ट पारेको हो । उसले 'नेपाल सरकार वादी हुने फौजदारी मुद्दा मिलापत्र गर्न आदेश दिनेसम्बन्धी मापदण्ड, २०८३' लाई परिमार्जन गरी यस्तो परिपत्र गरेको हो ।

## भ्रष्टाचार उन्मूलन आयोग गठन गर : राष्ट्रिय जनमुक्ति पार्टी



बुटवल । राष्ट्रिय जनमुक्ति पार्टीले भ्रष्टाचार उन्मूलन आयोग गठन गर्न सरकारसँग माग गरेको छ । पार्टीको रुपन्देहीमा सम्पन्न १२औं राष्ट्रिय भेलाले वर्तमान सरकार गठन भएको ६ महिना पूरा हुँदासम्म आम नागरिकको पक्षमा सन्तोषजनक काम गर्न नसकेको ठहर गरेको छ।

पार्टीका अध्यक्ष केशव सूर्यवंशी मगरले जेनजी आन्दोलनको मूख्य माग नै भ्रष्टाचारको अन्त्य हुनुपर्ने रहेको उल्लेख गर्दै भ्रष्टाचारको अन्त्यलाई राष्ट्रिय कार्यनीति बनाउन संघीय संसदले भ्रष्टाचारलाई राष्ट्रिय अपराध र भ्रष्टाचारीलाई देशद्रोही घोषणा गर्न माग गरे।

भ्रष्टाचारविरुद्ध पूर्ण स्वायत्त र अधिकार सम्पन्न भ्रष्टाचार उन्मूलन आयोग गठन गर्नुपर्ने र भ्रष्टाचारको मुद्दा ढिलोमा तीन वर्ष भित्र अनिवार्य रूपमा छिनोफानो हुने व्यवस्थालाई राष्ट्रिय संकल्पको रूपमा घोषणा गरी सरकारलाई तत्काल कार्यादेश दिन सरकारसंग माग गर्ने राष्ट्रिय भेलाले प्रस्ताव पारित गरेको उनले बताए।

'सरकारले जनआकांक्षा र राष्ट्रिय आवश्यकतातर्फ सन्तोषजनक काम गर्न सकेन, अरु ६ महिनामा परिस्थिति यस्तै रहे मुलुकमा घोर राष्ट्रिय निराशाको वातावरण बन्ने देखिएकाले सरकार र सत्तासीन दल रास्वपा गम्भीर हुन खबरदारी गर्ने प्रस्ताव पारित गरेका छौं ।'-अध्यक्ष सूर्यवंशीले भने ।

मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारले ९ महिनामा धेरै राम्रा काम गरेको उदाहरण दिँदै सूर्यवंशीले दुई तिहाई नजिकको वर्तमान सरकारले ६ महिनामा राम्रो गर्ने संकेत नदेखाएको बताए । रेमिट्यान्सले धानिएको मुलुकमा दुई दिन विदा दिने तर कर्मचारी र जनप्रतिनिधिलाई पूरा तलब दिने नीतिले मुलुकलाई दिर्घकालीनरुपमा ठूलो आर्थिक भार थोपर्ने औंल्याए। 'हाम्रो जस्तो गरीब मुलुकमा दुई दिन विदा दिने कुरा सुशासन होइन, कुशासन र सरकारको असक्षमता हो'-उनले भने-'नयाँ सरकार आए पनि आर्थिक नीतिमा परिवर्तन छैन, विदेशी ऋण अन्धाधुन्द लिएको छ, यसरी देश बन्दैन ।'

» *बाँकी ३ पेजमा*

## सम्पादकीय

# सरकारको सिफारिसमा उठेको प्रश्न

संसदीय समितिले प्रस्तावित दुई राजदूतको नाम अस्वीकृत गरेपछि सरकारको सिफारिसमा प्रश्न उठेको छ । संसद सार्वभौम हो, संसदीय समितिले सरकारको सिफारिस अस्विकार गरी सार्वभौम अधिकार प्रयोग गरेर नयाँ मानक खडा गरेको छ ।

संसदीय सुनुवाइ समितिले मलेसियाका लागि प्रस्तावित राजदूत चूडामणि खरेल र साउदी अरबका लागि प्रस्तावित राजदूत गिरीबहादुर सुनारको नाम अस्वीकार गरेको हो । रास्वपा नेतृत्वको सरकारले खुला प्रतिस्पर्धाबाट सिफारिस गरेका १३ राजदूतमध्ये संसदीय सुनुवाइ समितिले महिला हिंसा र आर्थिक अनियमिततासम्बन्धी गम्भीर उजुरीपछि गिरीबहादुर सुनार र चूडामणि खरेलको नाम अस्वीकृत गरेर सरकारको स्वच्छाचारी र मनपरी निर्णयमा लगाम लगाएको छ । जापानका लागि प्रस्तावित जिग्यानकुमार थापाको परिवारसँग जापानको पीआर र स्वार्थको द्वन्द्वबारे प्रश्न उठेपछि निर्णय नगरी राखिएको छ । सरकारले राजदूत नियुक्तिका लागि चार महिनाअघि क्षमतावान्, योग्य र अनुभवी व्यक्तिको खोजी गर्दै सार्वजनिक सूचना जारी गरेपछि ४ हजारभन्दा बढीले आवेदन दिएका थिए । ठूलो संख्याबाट १३ जनाको नाम छनोट गरेर मन्त्रिपरिषद् बैठकले २ असोजमा संसदीय सुनुवाइका लागि पठाएको थियो । संसदीय समितिले प्रक्रिया पूरा गरी सिफारिशलाई स्विकार गर्ने परम्परा अपेक्षित थियो । रास्वपाको बहुमत भएको संसदीय समितिले सिफारिसलाई अस्विकार गर्छ भन्ने विश्वास थिएन् । रास्वपाकै सांसदहरु विपक्ष दलका सांसदहरुसँगै प्रस्तावित राजदूतहरुलाई सुनुवाइका क्रममा ऱ्याखऱ्याख्ती पारे । चार हजारको नामबाट १३ जना छनौट गर्दा किन विवादित पात्र सिफारिसमा परे ? सरकारको छनौट प्रक्रिया नै विवादित बनेको छ । संसदीय समिति चनाखो नभएको भए विवादित पात्र राजदूत नियुक्त हुन्थे । सिफारिसमा भएको यो खेलाँचीले सरकारको काम गराईमा परिपक्कता देखिएन् भन्ने पुष्टि भएको छ ।

यो प्रकरणले संसदीय समिति केवल कर्मकाण्डी होइन्, यसले तथ्यमा आधारित रहेर काम गर्न सक्छ, सरकारका गलत क्रियाकलापलाई रोक्न सक्छ भन्ने सन्देश दिएको छ । संविधानमा जुन परिकल्पना गरेर संसदीय सुनुवाइ समितिको व्यवस्था गरिएको थियो, संविधानको मर्मलाई स्थापित गरेको छ । संसदीय समितिले आफ्नो जिम्मेवारी पूरा गर्दा सरकार र संसदबिचको दूरी बढ्ने संकेत देखिएको छ । संसद र सरकारबिचको दूरी बढ्दा कानुन निर्माणलगायतका काम प्रभावित हुनसक्छन् । तसर्थ सरकार र संसद दुवैले दुरी नबढाउनका लागि पहलकदमी लिनुपर्छ ।

# दसैं पर्व नेपालीको राष्ट्रिय पर्व एक परिचर्चा



झपेन्द्र जिसी

**विषय प्रवेशः**

यो पंक्तिकारले केही वर्षदेखि दशैं पर्वको विषयमा छोटो मोटो लेख लेखी पत्रपत्रिकामा प्रकाशित गर्दै आएको छ। दशैं पर्व अधिकांश नेपालीको राष्ट्रिय पर्व हो । यस पर्वलाई आफूलाई वैदिक हिन्दु धर्मावलम्बी ठान्ने हिन्दु ब्राह्मणले हिन्दुको पर्व भनेर दाबी गरेको पाइन्छ। उनीहरुले त्रेतायुगमा रामले रावण र अन्य इतर धर्ममाथि विजय प्राप्त गरेको हो भनेर तदुपरान्त दशैं पर्वलाई विजयदशमी वा विजयको प्रतीकका रुपमा दशैं पर्वलाई विजय दशैं भन्ने मान्यता स्थापना गर्दै आएको पाइन्छ।

अर्कोतर्फ केही आफूलाई जनजाति भनेर गौरव गर्नेहरुले जनजातिलाई मारेर त्यही रगतले अक्षता मुछी टीका लगाउने र रगतमा हातको पञ्जा डोबी भित्तामा छाप लगाउने गरेको भनी आजकल भन्ने गरेको सुनिन्छ।

यी दुवै दावीहरु अतिवादी दाबी हुन् भनेर यस आलेखमा केही प्रकाश पार्ने कोशिश गरिएको छ । यो लेखमा सहमति असहमति राख्ने उनीहरुको विवेकमा आधारित हुनेछ।

मूल पाठ पहिले कुरा त यो दशैं पर्व हिन्दु मात्रको पर्व होइन ।

बौद्ध, बोन धर्ममा आस्था राख्नेहरुले पनि दशैं पर्व मनाउँछन् । बौद्धमार्गीले पनि दशैं पर्व धुमधामले मनाउँदै टीका जमारा लगाएको प्रष्टै देखिन्छ।

हाम्रो दक्षिणतिरको छिमेकी भारतमा आफूलाई हिन्दु भनेहरुले दशमीलाई दशैं भन्दा राम नवामीलाई बढी मान्दछन् । राम/रावण कथामा आधारित भएर रामलीला गाउँ मोहल्लामा धुमधामका साथ मनाउँछन् । दशैं नभनेर राम अष्टमी, रामनवामी र दशमी भनेर भन्दछन् । टीका जमरा लगाउने संस्कृति त्यहाँ छैन ।

ती सबैका बाबजुद दक्षिण भारतमा रावणको पूजा गर्दछन् । रावणलाई महान् देवता वा महान् पुरुष मान्दछन् ।

यी सबै आआफ्ना आस्था विश्वासमा आधारित छन् । हाम्रो तराई-मधेश क्षेत्रमा पनि रामलीला मनाउने गर्दछन् । कतिपयले जमारा, टीका नलगाउने र कतिपयले जमरा टीका लगाउने प्रचलन पनि देखिन्छ।

बसाइ सराइ र जनसांख्यिाक अन्तर घुलनले सांस्कृतिक एक रुपता कतै देखिन्छ भने कतै भिन्नता । विभिन्न जातजातिको सुन्दर फूलबारीका रुपमा रहेको हाम्रो देश नेपालमा एक रुपता र विविधता हुनु स्वाभाविकै हुन जान्छ । यसलाई अन्यथा मान्नुपर्ने वा आश्चर्य चकित हुनुपर्ने कुनै कारण देखिदैन ।

भन्नेले जसरी भने पनि जसरी विश्वास गरे पनि पर्व संस्कृतिको उत्पत्तिमा उत्पादन पद्धति र निर्माण पद्धतिले र ऋतु परिवर्तनले भूमिका खेलेको हुन्छ।

हाम्रो देश नेपालमा वसन्त, गृष्म, वर्षा, शरद, हेमन्त, शिशिर छ ऋतु मानिदै आएको छ।

यी छ ऋतुमध्ये वसन्त ऋतु र शरद ऋतु बीउ बाल रोपण गर्ने ऋतु हुन् । यसरी नै शरद ऋतु आगवनका बेला हिउँदे खेतीका लागि बिउबाल (जौ, गहुँ, मसुरो, केराउ, मुग) आदि खेतबारीमा छरिन्छ।

बिउ बाल खेतबारीमा छर्नुपूर्व बिउ सद्धे छ कि असद्धे छ, कुहेको छ कि राम्रो छ, वा नकुहेको भए पनि उमार शक्ति बिउमा छ कि छैन जाँच गर्न आदिमकालीन मानव जाति घुमन्ते युगलाई पार गरी रस्तीबस्ती बसालेर स्थायी बसोबास गर्न थाले । बीउ बाल रोपण गर्नु पूर्व पातको टपरीमा माटो, बालुवा मल राखी आफूसँग भएका बीउ टपरीमा माटो राखी आफ्ना झोपडीको अँध्यारो कुनामा राखेर उमार्ने पद्धतिको विकास गरे । अझै पनि त्यो पद्धति अहिलेसम्म पनि कायम छ।

कसैका बीउ राम्ररी उम्रिए । कसैका बीउ नउम्रेको पाए। जसको बिउहरु उम्रिए उसले त्यो जमरालाई आफ्नो कानमा सिउरिएर जसको बिउ उम्रिएन उसले बिउ उमार्नेको घर झोपडीबाट बिउ सापट लिएर रोपण गरे । त्यो बीउ सद्धे हुने हुँदा राम्ररी उम्रियो । उसले पनि खुशी हुँदै आफू र आफ्नो परिवारका सदस्यको कानमा लगाए।

प्रिय मित्रहरु ! जमरा उम्रनु वा टुसाउनु भनेको खुशीको कुरा हो । अँध्यारो प्रकाश नभएको कोठामा उमारिएको हुँदा जमरा पहेंलो हुनु स्वाभाविकै हो । यसरी ती आदिम मानव जाति वा हाम्रा पुर्खाले जमरा संस्कृतिको सुरुवात र विकास गरेको कुरा वस्तुगत तथ्य र प्रकृति सापेक्ष भएको पाइन्छ । तपाईंलाई कस्तो लाग्छ ?

**टीका अर्थात् चामलको टीका संस्कृति**

हाम्रो नेपाल धेरै ताल तलैया भएको देश हो । यी ताल तलैया र दलदल क्षेत्रहरु जैविक उत्पत्तिका आधार हुन्।

सुक्ष्म ढंगले र वस्तुवादी ढंगले अवलोकन गर्दा यी दलदल क्षेत्र, ताल तलैयामा धेरै जैविक विविधता, माछा, कछुवा, सर्प, कमलका रंगी विरंगी फूलहरु समेत पाइन्छ।

अन्तको कुरा नगरौं उच्च हिमाली क्षेत्र जुम्ला सिंजा फाँटमा फलाइने मार्सी धान विश्व प्रसिद्ध छ । त्यस्तै अजिगरा (अजिगर) ताल कपिलवस्तु, प्रवास ताल र माडी बुडुवा ढाव पाल्पा, पोखराको वेगनास तालमा धानको पुर्खा प्राकृतिक धान आफै उम्रने, आफै फल्ने गर्दथे र गर्दछन् । दह अनुसारको लम्बाईका हुने गर्दछन् । मानवीय अतिक्रमणका कारण कतिपय तालतलैयामा ती धानहरु लिपोन्मुख हुन बाध्य छन् । यही धानलाई क्रस पोलिनेसन गरी नयाँ नयाँ धानको प्रजाति बनाइएको हुनुपर्छ र पाइन्छ।

विश्वका अन्य देशका तालतलैयामा जस्तै नेपाली तालतलैया पनि धानको उत्पत्ति क्षेत्र हो, प्रिय मित्रहरु ! हाम्रा पुर्खाहरुले तिनै धान ढिंकीले कुटेर भात खाने मात्र काम गरेन् उनीहरुले त धानको उत्पत्तिको पहिचान स्थापित गर्न साइनबोर्ड रुपी आफ्नो निधारमा अक्षताको टीका लगाएर धानको उत्पत्तिको स्वामित्व लिए। अहिले विश्व व्यापार संघ र डब्लुटिओबाट उत्पत्तिको स्वामित्व लिने होडबाजी छ । तर नेपाली हाम्रा पुर्खाले दशैं लगायत विभिन्न चाडपर्वमा निधारमा अक्षताको टीका लगाएर पेन्टेन्राइट परापूर्वकालदेखि लिंदै आएको दशैं पर्वले देखाउँछ।

दक्षिणी छिमेकी देश भारतका शासक नरेन्द्र मोदी एण्ड कम्पनीले चामलको टीका लगाउँदैनन् । जमरा बारे केही जान्दैनन् । तर नेपालमा भने अधिकांश नेपालीले यो दशैं पर्वमा चामलको टीका निधारमा लगाउँछौं र कानमा जमरा लगाउँछौं । सिउरहन्छौं । धान कुटेर भुस फालेपछि प्राप्त हुने गुदी नै चामल हो । निधारमा लगाउने टीकालाई अक्षता भनिन्छ। प्रारम्भिक दिनमा दशैंका होस् वा अन्य शुभकार्यमा जस्ताको तस्तै सबै जातिले सेतो टीका नै लगाए । तर पछिल्ला दिनहरुमा रंगको आविष्कार र प्राप्तिपछि शुभकार्यमा रातो अक्षताको टीका, दुःख वा शोक पर्दा केशरी वा बेसार/हर्दीमा मुछेर पहेंलो अक्षताको टीका लगाउन थालेको वस्तुगत अध्ययनले देखाउँछ । अहिले पनि कतिपय मानव जातिले शुभकार्य, दशैं, विवाह आदिमा समेत सेता टीका लगाएको पाइन्छ र सेतो रंग पनि अशुभ होइन र अशुभ हुने कुरै रहेन । किनकि मूल रंग त सेतो नै हो जुन सूर्यको प्रकाशमा समेत पाइन्छ । आजकाल मानवहरु विभिन्न संघ संस्था वा संसदीय निर्वाचनमा नेतृत्व लिन प्रतिस्पर्धा गर्दछन्। जो जो विजयी हुन्छन् उनीहरुलाई रातो अविर लगाएर बधाई दिइन्छ । यहाँनेर यो जाति वा त्यो जाति भन्ने कुरा हुँदैन । सबैले रातो अविर ग्रहण गरेको पाइन्छ । त्यसैले अमुक जातिले अमुक जातिलाई काटेर टीका लगाउन थालेको भन्ने कुरा सरासर विषय वस्तुलाई गहिराइका साथ बुझ्न नसक्नु वा बुझेर पनि बुझ पचाउनु नै हो । अथवा यसबाट संकीर्ण साम्प्रदायिक गन्ध आउँछ।

प्रिय मित्रहरु ! ब्राह्मण क्षत्रीले मगर वा अन्य जनजातिको हत्या गरेर रगतको पञ्जा छाप भित्तामा लगाउने त्यही रगतले चामलको टीका मुछेर निधारमा लगाउने गरेको आरोप आजकाल सुनिदै आएको छ। के साँचो कुरा आरोपित गरे झैं नै हो त ?

सामाजिक र ऐतिहासिक अध्ययन र मानव विकासको अध्ययन गर्दा यस्तो पाइँदैन र होइन भनेर सहजै भन्न सकिन्छ।

सत्य कुरा के हो र हुनुपर्छ भने सेतो रंग प्राइम कलर हो वा मुख्य रंग हो । ढिंकीले ओखलमा धान कुटेपछि एकातिर धानको बोक्रा (भुस) हुन्छ भने अर्कोतर्फ चामल हुन्छ । अक्सर धेरै जसो चामल सेतो हुन्छ तर मार्सी धानको चामल त रातो रातो वा खेरो वा ब्राउन रंगको हुन्छ । तर मार्सी धानको चामल त रातो रातो वा खेरो वा ब्राउन रंगको हुन्छ। कुनै धान बुर्तिवाङ, ढोरपाटनतिरको त चामलको रंग अझै रातो नै हुन्छ।

प्रारम्भिक दिनमा आज बजारमा पाइने सप्त रंग वा त्यो भन्दा अझ बढी रंगको पत्ता लागेको थिएन । मानव जातिले अध्ययन अनुसन्धानका क्रममा विभिन्न रंगको आविष्कार गरे । धानको बोक्रा हटाएपछि प्राप्त हुने आउँछ यहाँनेर।

» बाँकी ३ पेजमा


## Shitaganga Municipality
## Office of Municipal Executive
Thada, Arghakhanchi

### Invitation for Bid

Date of publication: 2083-06-30 (16thOct,2026)

Shitaganga Municipality, Office of the Municipal Executive, Thada,Arghakhanchi invitesSealed Bids (Hard Copy Only)from eligible bidders for the procurement of goods specified below under National Competitive Bidding: All other information and Bid Document can be obtained from this Office during Office Hours. All eligible bidders are requested to submit their sealed bids in hard copy, in accordance with the instructions stated in the bidding documents, within the specified deadline.

**Information to deposit the cost in the Bank:.**

Name of the Bank: RastiyaBanijjyaBank, Thada, Arghakhanchi
Name of Office: Shitaganga Municipality, Thada, Arghakhanchi
Rajaswa (Internal revenue) Account no. : 3380100301010003**(For Bid Document)**
DharautiKhata no.:3380100303010003 **(For Bid Security)**

| Tender No. | Name of Project | Bid Price (Non Refundable) | Bid Security Amount In NRs | Bid security valid period | Last date of Bid Purchase | Last date of Bid submission | Bid Open |
|---|---|---|---|---|---|---|---|
| 09-SM/ G01/NCB/ 2083/084 | Supply and Delivery of Different Size of HDPE Pipe PE-100 NS40 | NRs 3000.00 | NRs. 1,10,000.00 | 120 Days | 05th Nov 2026. 17:00 PM | 06th Nov 2026. 12:00 Noon | 06th Nov 2026.. 13:00 Noon |

**Chief Administrative Officer**



## SHINE RESUNGA DEVELOPMENT BANK LTD.

Butwal -11 Kalikanagar, Rupandehi
Phone : 071-415502, 071-415503,
Email :- info@srdb.com.np
URL :- www.srdb.com.np

### Revised Interest Rate

Effective From 2083-07-01 (18th October, 2026)

| Types of Deposit | | Minimum Balance | Interest Rate (p.a) |
|---|---|---|---|
| Saving | Shine Shareholder Saving | 100 | 2.75% |
| | Shine Unnati Bachat Khata | 500 | |
| | Shine Samunnat Bachat Khata | - | |
| | Shine Nari Bachat Khata | 500 | |
| | Professional Saving | 1 | |
| | Shine Baal Bachat Khata | - | |
| | Salary Saving | 100 | |
| | S.R.Saving | 1,000 | |
| | Shine Jestha Nagrik Bachat Khata | 100 | |
| | Student Saving | 100 | |
| | Shine Surplus Saving | - | |
| | Social Security Saving | - | |
| | Shine Surakchya Bachat Khata | - | |
| | PF & Gratuity Saving | - | |
| | Mero Bachat Khata | - | |
| | Compulsory Saving | - | |
| | Upakar Fund Saving | - | |
| | Shine Utsav Saving | 100 | |
| | Shine Bachat Khata | - | |
| | Shine Pragati Bachat Khata | 5,000 | |
| | Shine Samriddhi Bachat Khata | - | 3.00% |
| | Shine Remittance Bachat Khata | 1,000 | 4.00% |
| Call | | Up to 1.37% | |

| | Tenure | Interest Rate (p.a.) | |
|---|---|---|---|
| | | Institutional | Individual |
| Fixed | 6 Months to below 1 Year | 2.75% | 2.75% |
| | 1 Year to below 2 Years | | 3.25% |
| | 2 Years to below 3 Years | | |
| | 3 Years to below 4 Years | | |
| | 4 Years to below 5 Years | 3.00% | 3.75% |
| | 5 Years and above | 3.15% | 4.15% |
| | Akshaya Kosh | Negotiable | |
| Recurring Deposit | | Up to 3.25% (p.a.) | |

| Loan & Advances | Interest Rate (p.a) |
|---|---|
| Subsidized loan under GoN's Subsidy plan | As per NRB Directives |
| Loan against Fixed Deposit | Base Rate or Coupon Rate plus 2% whichever is higher |
| Consortium Loan | As per consortium decision |
| Deprived Sector Wholesale "D" Class Financial Institution | Base Rate + Up to 2.00% Premium |
| All other Loan & Advances | Base Rate + Up to 4.00% Premium |
| **Base Rate (Bhadra 2083)** | **5.49%** |

**Note :** Additional 1% interest rate on remittance Fixed Deposit.

# बाढीपीडितमा ४० वर्षपछि फर्कियो दसैँको पुरानो रौनक

**विष्णु खनाल**

*बर्दघाट (पश्चिम नवलपरासी)*

पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका-४, बाढीपीडित टोलमा यसपालिको दसैं विगतका वर्षहरूभन्दा फरक र विशेष बनेको छ। प्रविधिको विकास र आधुनिकतासँगै गाउँघरबाट लोप भइसकेको मौलिक ‘रोटेपिङ’ झन्डै चार दशक (४० वर्ष) पछि पुनः निर्माण गरिएपछि यहाँ दसैँको छुट्टै रौनक छाएको हो ।

स्थानीय नवजीवन युवा क्लबका युवाहरूको सक्रियतामा काठको कलात्मक रोटेपिङ तयार पारिएपछि बालबालिकादेखि वृद्धवृद्धासम्ममा खुसी र उल्लास छाएको छ। वर्षौंपछि गाउँमै रोटेपिङ घुमेको देख्दा स्थानीय ७९ वर्षीय मानबहादुर घर्ती क्षेत्री आफ्नै बाल्यकालको सम्झनामा टोलाउँछन् । ‘सानो छँदा साथीभाइ मिलेर मजुरा (मजदुरी) दिएर काठका पिङ बनाउँथ्यौँ । यो बाढीपीडित टोलमा आएपछि पनि ४० वर्षअघि पिङ हालेका थियौँ । त्यसपछि त हराएरै गयो,’ घर्तीले खुसी व्यक्त गर्दै भने-‘अहिले युवाहरूले ४० वर्षपछि पुनः रोटेपिङ बनाएर चढाए । पिङ खेल्न पाएपछि हामीजस्ता बुढापाकालाई पनि दसैं साह्रै रमाइलो हुँदो रहेछ ।’

बाजेको पालासम्म पुस्तान्तरण हुँदै आएको रोटेपिङ बाबुको पालादेखि भने बिस्तारै लोप हुँदै गएको थियो । अहिले नयाँ पुस्ताले यसको संरक्षणमा चासो देखाएपछि पुराना पुस्ता खुसी भएका छन् । गाउँका युवाहरूले वृद्धवृद्धा र बालबालिकालाई पिङ खेलाउँदै पुराना कथा सुन्ने र नयाँ पुस्तालाई सुनाउने काम पनि गरिरहेका छन् ।

गाउँका मौलिक कला र संस्कृतिको जगेर्ना गर्दै नयाँ पुस्तालाई यसतर्फ आकर्षित गर्ने उद्देश्यले रोटेपिङ निर्माण गरिएको क्लबका पूर्वअध्यक्ष पूर्ण थापा बताउँछन् ।

‘तीन दशकअघिसम्म हजुरबुबाले दसैंमा बर्सेनि रोटेपिङ खेल्नुहुन्थ्यो भन्ने सुनिन्थ्यो, तर देख्न भने मुस्किल थियो,’ थापाले भने-‘वर्षमा एक दिन भए पनि पिङ खेलेर धर्ती छाड्नुपर्छ भन्ने पाका पुस्ताको भनाइलाई मनन गर्दै यसपालि पिङ हालेका हौँ ।’

वैदेशिक रोजगारीका कारण युवापुस्ता विदेशिनु, मेला-महोत्सवमा पैसा तिरेर आधुनिक फलामे पिङ खेल्ने संस्कृति बढ्नु र प्रविधिको प्रभावका कारण मौलिक रोटेपिङ हराउँदै गएको थापाको बुझाइ छ । फलाम प्रयोग गरेर व्यावसायिक रूपमा बनाइने पिङमा दसैँको त्यो परम्परागत र मौलिक मिठास नपाइने स्थानीयहरू बताउँछन् ।

‘बाह्र वर्षमा खोला पनि फर्किन्छ’ भन्ने नेपाली उखानजस्तै लोप भइसकेको रोटेपिङ पुनः गाउँमा ठडिँदा बाढीपीडितवासी दंग छन् ।

रोटेपिङ एकादेशको कथा नबनोस् भनेर क्लबले यसपालिको दसैँलाई विशेष बनाउने योजना बुनेको बताउँछन् नवजीवन युवा क्लबका अध्यक्ष चित्रबहादुर भण्डारी । ‘काठपात बढी लाग्ने, निर्माण खर्चिलो हुने र युवापुस्तामा सीपको अभाव भएकाले रोटेपिङ लोप हुँदै गएको थियो । हाम्रा राष्ट्रिय पर्वहरूसँग जोडिएका यस्ता संस्कृति जोगाउनु हाम्रो दायित्व हो ।’- भण्डारीले भने ।

काठसहित करिब रु. १ लाख ५० हजारको लगानीमा यो पिङ निर्माण गरिएको हो । पारिजात सामुदायिक वनले काठ उपलब्ध गराएको थियो भने सुनवलको ज्यामिरेबाट दक्ष जनशक्ति झिकाइ स्थानीय युवाहरूको सक्रियतामा निर्माण कार्य सम्पन्न गरिएको हो ।

प्राविधिक हिसाबले पनि निकै सुरक्षित मानिएको यस पिङमा प्रयोग गरिएका काठका खम्बा र डन्डीहरू दसैँ-तिहार सकिएपछि क्लबको भवनमा सुरक्षित राखिनेछ । आगामी वर्षहरूमा पनि यसरी नै रोटेपिङ निर्माणलाई निरन्तरता दिने क्लबको योजना छ ।

---

**दसैं...**

अन्त्यमा नेपाल देश १२६ जाति, १२३ भाषी र नेपालमा मानिने सबै धर्म सम्प्रदायको फूलबारी हो । आआफ्ना मातृ

भाषा बोले पनि आआफ्नो धर्म माने पनि कोही जातिलाई जेठो र कोही जातिलाई कान्छो मान्नु हुँदैन । चैत्य, विहार, मठमन्दिर, मजिस्द, गुरुद्वारा, चर्च नेपाल भूमिभित्र जे जति छन् ती सबै नेपाली जातिको साझा सम्पादा र फूलबारी हुन् । प्रत्येकले प्रत्येकलाई सम्मान गर्ने थप संस्कृतिको विकास गर्न जरुरी छ । यस्तै बौद्धमार्गी, जैनमार्गी, इस्लाम मार्गी, शैवमार्गी, इसाइ मार्गी, शिखधर्म मार्गी, मस्टो मार्गी, किराँत मार्गी, हामी जो जो नेपालमा छौं, सबै नेपाली हौं । हामी सबै नेपाली एउटै परिवारका सदस्य हौं । यसै प्रसंगमा दशैं पर्व कतिपयले नमाने पनि यो पर्व हिन्दु मार्गीको मात्र विर्ता वा पेवा पर्व हुँदै होइन । यो त नेपालको राष्ट्रिय पर्व हो । आफूलाई हिन्दु हौं भन्नेले यो कुरालाई पहिलो नम्बरमा आत्मसात गर्न अनिवार्य छ । यो पर्व उत्पादन पद्धतिसँग घनिष्ठ रुपमा जोडिएको हुँदा शारदीय दशैं (असोजे) दशैं वासन्ती दशैं (चैते दशैं) हुन्छन् । दशैं आएको संकेत गन्धवको मालश्री धुनबाट थाहा पाइन्छ । भने आफूलाई हिन्दु भन्नेहरुले जयन्ती मङ्गला काली भद्रकाली कपालीनी ।

दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥

समस्त देशबासीहरुमा दशैंको शुभकामना ।

---

**भ्रष्टाचार...**

पार्टीले स्वेच्छिक रूपमा आफ्नो नागरिकता त्याग्न नचाहने कुनै पनि प्रवासी नेपालीको नेपाली नागरिकताको अधिकार सुनिश्चित रहने ग्यारेन्टी राज्यले गर्नु पर्ने प्रस्ताव पारित गरेको उनले बताए ।

राजनितिक र सैन्य प्रयोजनका लागि गोर्खा नामाकरण गरिएका नेपालीहरूको दुई सय वर्षभन्दा बढीको अविछिन्न योगदानको जगमा नेपाल एक सार्वभौम र स्वतन्त्र राष्ट्रको रूपमा विश्व मानचित्रमा रहन सफल भएको महत्वपूर्ण पाटोलाई राज्यले उच्च सम्मान गर्न संघीय संसदले राजनितीक कृतज्ञता प्रस्ताव पारित गर्नुपर्ने प्रस्ताव पनि भेलाले पारित गरेको छ ।

बिदेशमा रहेका गोर्खा र तिनको सन्ततिलाई वंशजको नागरिकताको सुनिश्चितता हुने निर्णय गर्न पनि पार्टीले सरकारसंग माग गरेको छ ।

यस्तै भेलाले संविधानप्रदत्त संरक्षित क्षेत्र, विशेष क्षेत्र र स्वायत्त क्षेत्रको पहिचान, निर्धारण र गठनको लागि वृहत्तर ढंगबाट अभियान सन्चालन गर्ने . प्रस्ताव पारित गरेको पार्टीका महासचिव टोप अस्लामी मगरले बताए ।

यस्तै राष्ट्रिय समृद्धिको लागि राज्य, उद्यमी र नागरिकको बराबरी हिस्सेदारी रहने त्रिपक्षीय साझेदारीमा आधारित लगानी मोडेल अवलम्बन गरी औद्योगिक र व्यावसायिक परियोजनाहरू अगाडि बढाउने राष्ट्रिय कार्यनीति हुनु पर्ने प्रस्ताव पारित गरेको छ ।

पार्टीले स्वयंसेवी कार्यलाई केन्द्र देखि स्थानिय तहसम्म पार्टी जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्ने गरी पार्टी नेतृत्वको अगुवाई रहने गरी स्वयंसेवी संगठनलाई व्यवस्थित रूपमा अगाडि बढाउने प्रस्ताव पनि पारित गरेको महासचिव अस्लामीले बताए ।

पार्टीले ईलामको माङसेबुङ वडा नं. ५ मा मातृभाषालाई समेत कामकाजी भाषाको रूपमा मान्यता प्रदान गरेको नीतिलाई सम्मान गर्दै हरेक बर्षको मंसिर १३ लाई राष्ट्रिय मातृभाषा दिवसको रूपमा मनाउने र पार्टीले सञ्चालन गर्दै आएको भ्रष्टाचारविरुद्ध राष्ट्रिय अभियानलाई केन्द्र देखि स्थानीय तहसम्म सञ्जालको रूपमा विकास गर्ने प्रस्ताव पारित गरेको छ ।

---


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गोपीराम खत्रीको छोराबुहारी, जगत बहादुरको छोरी, प्रेम बहादुर खत्रीको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, धुर्कोट गाउँपालिका वडा नं. ०४ बस्ने लिला कुमारी खत्रीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४७८८ संचालन गर्दै आउनु भएकोमा मिति २०८३/०३/१३ मा निज खातावाला लिला कुमारी खत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने घनश्याम खत्रीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक लिला कुमारी खत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.


---


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा
सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि प्रशासन कार्यालय, परासी

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

### श्री भूमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना ।

मितिः- २०८३/०६/२९

राम बहादुर थापाको बुहारी, राजु थापाको श्रीमती जिल्ला नवलपरासी, बर्दघाट नगरपालिका वडा नं. २ बस्ने अन्जु थापाले रतन बहादुर थापाको बुहारी, राम बहादुर थापाको श्रीमती जिल्ला नवलपरासी, साविक माकर गा.वि.स. वडा नं. ४ हाल बर्दघाट नगरपालिका वडा नं. २ बस्ने मेरो सासुआमा कमला देवी थापाको मिति २०८१/०९/१७ गते आफ्नै कालगतीले मृत्यु भएको हो । निजको मृत्यु पश्चात निजको नाउँमा दर्ता कायम रहेको जिल्ला नवलपरासी साविक माकर गा.वि.स. वडा ४/घ कि.नं. १३६९ ज.वि. ०-०-१० जग्गाको नजिकको हकवालामा निजको श्रीमान तथा मेरो ससुराबुबा राम बहादुर थापाको पनि मिति २०६१/०१/०३ गते आफ्नै कालगतीले मृत्यु भएकोमा मृतक जग्गाधनी कमला देवी थापा र मृतक राम बहादुर थापाबाट जन्म भएका अविवाहित छोरी नभएको एक मात्र छोरा राजु थापा रहेकोमा निजको मिति २०७६/११/०८ गते आफ्नै कालगतीले मृत्यु भएकोमा मृतक जग्गाधनी जिवित छँदासम्म निजको पालनपोषण गर्ने, हेरचाह गर्ने, औषधी उपचार गर्ने र मृत्यु पछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने समेत सम्पूर्ण काम म निजको एकमात्र छोरा/बुहारी तथा निवेदक अन्जु थापाले नै एकलौटी रुपमा गर्दै आएकोले माथि उल्लेखित कित्ता जग्गा मेरो एकलौटी नाउँमा नामसारी गराइ पाऊँ भनी यस श्री भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) दिएको माग निवेदन सम्बन्धमा निवेदक अन्जु थापा बाहेक मृतक जग्गाधनी कमला देवी थापाको नजिकको नाता पर्ने कुनै छोरा, छोरी लगायत अन्य कोही नजिकका हकवालाहरु भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस श्री भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.)मा सप्रमाण हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ, अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**भूमि प्रशासन अधिकृत**


---


# Madhyabindu Municipality
## Office of Municipal Executive
Chormara, Gandaki Province

# Invitation for Bids

**First Date of Publication: 2026-10-16**

1. Madhyabindu Municipality invites sealed hard copy bids from eligible bidders for the procurement of the following Works and Goods under **National Competitive Bidding-Single Stage Single Envelope (NCB-1S1E)** bidding procedures as specified in the table below.
2. A complete set of Bidding Documents is available in Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Nawalparasi (Ba. Su. Pa.) before office hours on 2026-11-04 (for hard copy) or may be downloaded for submission before 12:00 Noon on 2026-11-05 from https://madhyabindumun.gov.np. Bidders shall deposit the cost of bidding documents and bid security for each contract in the accounts specified below:

| | |
|---|---|
| Name of the Bank | Nepal Bank Limited, Chormara Branch |
| Account Name and Number for Bid Fee | Aantarik Rajaswa Khata, 31803000001001000001 |
| Account Name and Number for Bid Security | Dharauti Khata, 31803000003001000001 |
| Rajaswa (Revenue) Shirshak No. | 14229 |

3. Pre-bid meeting shall be held at Madhyabindu Municipality Office, Chormara at 1:00 P.M., 2026-10-27. Hard copy bids (in a single sealed envelope) shall be submitted through hand/courier on or before 12:00 Noon on 2026-11-05, and bids will be opened on 2026-11-05 at 2:00 P.M. in the presence of Bidders' representatives who choose to attend. Bids shall be valid for the minimum period specified below and accompanied by an original Bid Security (Bank Guarantee or cash deposit voucher for hard copy) with the amount and validity specified below:

| S.N. | Name / Description of Works or Goods | Contract ID | Category | Procurement Method | Bid Security (NRs.) | Validity (Bid / Sec.) | Doc. Fee (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | Procurement of Stationary items for Madhyabindu Municipality | 09/NCB/MB/GOODS/2083/84 | Goods | NCB (1S1E) | 75000 | 120 Days | 3000 |
| 2 | Procurement of Medicines for Madhyabindu Municipality | 10/NCB/MB/GOODS/2083/84 | Goods | NCB (1S1E) | 80000 | 120 Days | 3000 |
| 3 | Construction of Setapani Drinking Water Supply project (Bhagkhor) at Madyabindu Municipality | 11/NCB/MB/WORKS/2083/84 | Works | NCB (1S1E) | 335000 | 120 Days | 3000 |
| 4 | Installation of street lights in Madhyabindu Municipality at ward 1,2,4,6 & 15. | 12/NCB/MB/WORKS/2083/84 | Works | NCB (1S1E) | 75000 | 120 Days | 3000 |
| 5 | Upgrading of Madhyabindu Nagar Hospital Kolhuwa Service Center | 13/NCB/MB/WORKS/2083/84 | Works | NCB (1S1E) | 90000 | 120 Days | 3000 |

**Chief Administrative officer**


---


LumbiniProvince Government
Ministry of Physical Infrastructure Development
Transportation Infrastructure Directorate

# Road Infrastructure Development Office, Palpa

# Invitation for Bids

**Notice: 02/RIDO/PAL/083/84**

(First date of Publication: 30th Asoj, 2083(16th Oct., 2026)

1. Road Infrastructure Development Office, Palpa invitesNational Competitive Bidding; only Hard Copy from eligible bidders for following works:
2. Interested and eligible bidders shall submit an application, copy of the firm/company registration certificate and payment receipt of the non-refundable bid document fee to this office, and thereafter purchase the bidding documents and submit sealed hard copy bids within the mentioned timeframe.

| S .N. | Name of Works | Contract ID | Amount without VAT & PS (NRs) | Bid Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | Upgrading of Deurali-Kaule-Lumbas-Fek Gramin Sadak, Ribdikot-08, Palpa & Upgrading of Byarikot Chowk Palung Mukhya Chur Gramin Sadak,Ribdikot,Palpa | RIDO-PAL-W-NCB-20-2083/084 | 59,59,084.39 | 3,000/- | 1,50,000/- |
| 2. | Upgrading of Somahar Bazaar Dhekhi Tallo Somahar Fulbari Motorbato, Ribdikot-08, Palpa | RIDO-PAL-W-NCB-21-2083/084 | 25,78,615.54 | 3,000/- | 65,000/- |
| 3. | Upgrading Of Chaupari Aaryabhanjyang Motorbato Bagnaskali-03 & Aaryabhanjyang Chaupari Motorbato Bagnaskali-03 | RIDO-PAL-W- NCB-22-2083/084 | 42,56,165.41 | 3,000/- | 1,10,000/- |
| 4. | Upgrading Of Madiphat Bhaluwashikhar Krishi Sadak Bagnaskali-01, Palpa | RIDO-PAL-W- NCB-23-2083/084 | 42,12,654.10 | 3,000/- | 1,10,000/- |
| 5. | Upgrading Of Deurali Kamere Bithuwa Chandisthan Motorbato Bagnaskali-07 | RIDO-PAL-W- NCB-24-2083/084 | 25,53,079.77 | 3,000/- | 65,000/- |
| 6. | Upgrading of Bhootkhola Gau Krishi Sadak ( Endreni gau Chowk Dekhi Bhujel Tol Samma),Tinau 3,Palpa | RIDO-PAL-W- NCB-25-2083/084 | 38,47,445.93 | 3,000/- | 95,000/- |
| 7. | Upgrading of Gwangdi Chowk Beruwa Basti Chure Danda Gramid Sadak ,Tinau 3,Palpa | RIDO-PAL-W- NCB-26-2083/084 | 25,61,555.72 | 3,000/- | 65,000/- |
| 8. | Upgrading of Rani Jharana Gate Dekhi Ukalo Giri Tole Dhiksamma Dhalan Yojana,Tinau 02,Palpa | RIDO-PAL-W- NCB-27-2083/084 | 25,61,545.80 | 3,000/- | 65,000/- |
| 9. | Upgrading of Deurali Kuwa Hungighat Sadak Rambha 1 Palpa | RIDO-PAL-W- NCB-28-2083/084 | 21,37,451.38 | 3,000/- | 55,000/- |
| 10. | Upgrading of Dhunganabesi Kyangrung Admara Jhirbash Khadar Dundanda Muralikhola Hupsekot Sadak, Nisdi | RIDO-PAL-W- NCB-29-2083/084 | 25,64,247.20 | 3,000/- | 65,000/- |
| 11. | Upgrading of Mityal Bazar to Jhyaltung samma Nali Sahit Kalo Patre | RIDO-PAL-W- NCB-30-2083/084 | 42,36,386.40 | 3,000/- | 1,10,000/- |
| 12. | Upgrading of Tallo Ratadhik Boarding School Guhepipal Motar Bato, Rampur 3 Palpa | RIDO-PAL-W- NCB-31-2083/084 | 21,24,688.19 | 3,000/- | 55,000/- |
| 13. | Upgrading of Saljhandi Sunguredhunga Road, Palpa (CH 9+027-15+027) | RIDO-PAL-W- NCB-32-2083/084 | - | 20,000/- | 56,00,000/- |

For S.N. 13, (a) Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs.13,24,00,000.00
(b) Minimum Work experience of similar size and nature: Construction of One Bituminous Pavement work of value Nrs. 13,24,00,000.00

| Procurement Method | Bid Validity/ Bid Security Validity | Bid Purchase Deadline | Bid Submission Deadline | Bid Opening Date and Time |
|---|---|---|---|---|
| NCB | 90Days/ 120 Days For S.N. 1-12 and 120 Days/150 Days for S.N. 13 | 19th Kartik 2083 (5th Nov., 2026); 05:00 PM | 20th Kartik 2083 (6th Nov., 2026); 12:00 PM | 20th Kartik 2083 (6th Nov., 2026); 01:00 PM |

3. Account details for Bid Document Fee and Bid Security Deposit:

| | | | | |
|---|---|---|---|---|
| Bid Document Fee | Revenue A/C No.: | 1000100200010000 | Office Code: | 3370150015 |
| | Revenue Heading No.: | 14229 | Bank Name: | Rastriya Banijya Bank Ltd.,Tansen |
| | Account Name: | RoadInfrastructure Development Office, Palpa(सडकपूर्वाधार विकास कार्यालय, पाल्पा) | | |
| Bid Security Deposit (If bidder wishes to submit the Cash Security) | Deposit A/C No.: | 3030100202030000 | Office Code: | 3370150015 |
| | Account Name: | District Treasury Controller Office, Palpa<br>Bank Name: Rastriya Banijya Bank Ltd,Tansen,Palpa | | |

4. Contact No.: 9857068491, 075-521828, Email Address:ridopalpa@gmail.comWebsite: https://ridopalpa.lumbini.gov.np/
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

# पश्चिम नवलपरासीको सुनवलमा विना अनुमति पसल सञ्चालनमा

**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीको सुनवल नगरपालिकाको बजारमा क्षेत्रमा होटल, रेष्टुरेण्ट तथा किराना पसल अनुगमन गरिएको छ । संयुक्त जिल्ला बजार अनुगमन समितिले सुनवलको बजार क्षेत्रको होटल, रेष्टुरेण्ट तथा किराना पसल अनुगमन गरेको हो ।

उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने र बजारमा हुने अनियमितता नियन्त्रण गर्ने उद्देश्यले बजार अनुगमन गरिएको घरेलु तथा उद्योग कार्यालयका वरिस्ठ उद्योग अधिकृत मोहन पाण्डेले जानकारी दिए ।

उनका अनुसार अनुगमनको क्रममा सुनवल नगरपालिकाको वडा नं. १ र वडा नं. ४ मा रहेको दुई वटा पसल कुनै पनि निकायअनुमति नलिई सञ्चालन गरेको पाइएको हो । उक्त दुई वटै पसललाई सात दिनभित्र सम्बन्धि निकायमा दर्ता गरि मात्र सञ्चालन गर्न दिइएको पाण्डेले बताए ।

अनुगमनका क्रममा व्यवसायको अवस्था, खाद्यवस्तुको गुणस्तर, मूल्यसूची, म्याद गुज्रिएका सामग्री तथा उपभोक्ता हितसँग सम्बन्धित विषयमा निरीक्षण गरिएको जनाइएको छ ।

व्यवसायीलाई प्रचलित कानुन तथा मापदण्ड पालना गरी स्वच्छ, गुणस्तरीय र उचित मूल्यमा वस्तु तथा सेवा उपलब्ध गराउन आग्रह गरिएको छ । होटल, रेष्टुरेण्ट तथा किराना पसल गरी २८ वटा पसलमा बजार अनुगमन अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालयका उद्यम सहजकर्ता मनोजकुमार चौधरीले जानकारी दिए । अनुगमनमा सुनवल नगरपालिका उद्योग शाखा सन्तोष यादव ,जिल्ला प्रशासनका प्रतिनिधि, उपभोक्ता हितसंरक्षण मञ्च नवलपरासीको उपाध्यक्ष मोहन ,सञ्चारकर्मी लगायतको सहभागिता रहेको थियो ।

सफल कार्यकालको शुभकामना
नेपाल सुनचाँदी व्यवसायी संघ लुम्बिनी प्रदेशका अध्यक्ष, सफल उद्यमी ध्रुवकुमार गहतराजज्यू, दाङ जिल्ला उद्योग वाणिज्य संघको अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

पाल्पा सुनचाँदी व्यवसायी संघ परिवार
पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

हार्दिक शुभकामना
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नेपाल तरुण दल पाल्पा परिवार
तानसेन, पाल्पा

हार्दिक शुभकामना
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रोपराइटर
समिरमान सिंह
टाउन क्लिनिक परिवार
तानसेन, नगरपालिका वडा नं. ६, पाल्पा

हार्दिक शुभकामना
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लोकनाथ अधिकारी/ निलकण्ठ देवकोटा
सचिव/ अध्यक्ष
नेपाल ट्रेड युनियन कांग्रेस पाल्पा परिवार
तानसेन, पाल्पा

हार्दिक शुभकामना
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण वडाबासी, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रदीप खनाल
अध्यक्ष
तानेसन नगरपालिका वडा नं. ७ को कार्यालय परिवार प्रभास, पाल्पा

हार्दिक शुभकामना
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण वडाबासी, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुनिल बस्याल
अध्यक्ष
तानेसन नगरपालिका वडा नं. १ को कार्यालय परिवार तानसेन, पाल्पा

हार्दिक शुभकामना
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण वडाबासी, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मेजर सिंह के.सी.
वडा अध्यक्ष
तानेसन नगरपालिका वडा नं. १२ को कार्यालय परिवार तानसेन, पाल्पा

हार्दिक शुभकामना
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विनायक महर्जन/ समिरमान सिंह
महासचिव/ अध्यक्ष
पाल्पा उद्योग वाणिज्य संघ परिवार
तानसेन, नगरपालिका वडा नं. ३, पाल्पा

हार्दिक शुभकामना
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डिल बहादुर ढुंगाना
श्रीनगर यातायात सेवा कम्पनी प्रा.लि. परिवार
तानसेन, नगरपालिका वडा नं. ७, पाल्पा

हार्दिक शुभकामना
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विवेककाजी शाक्य/ अमनकाजी शाक्य
प्रोपराइटर / प्रोपराइटर
ज्ञानेन्द्र अटोवर्स परिवार
तानसेन, पाल्पा

## Binayi Tribeni Rural Municipality

### Office of The Rural Municipal Executive

Dumkibas, Nawalparasi (East of Bardaghat Susta)
Gandaki Province, Nepal
Est: 2073

## Invitation For Hard Copy Bids

**First Date of publication: 2083/06/30 (16th, Oct, 2026)**

1. Office of Binayi Tribeni Rural Municipality invites hard copy bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount (without VAT but including PS) | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 08/BTRM/ NCB/Works/ 2083-084 | Construction Of Buspark Compound Work At Ward 6 and Upgrading Of Roads, Drain At Different Location Of Ward 7 | 47,50,878.23 | 120000 | 3000 | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | |
| 2. | 09/BTRM /NCB/Goods/ 2083-084 | Swikrit Guruyojanakaa Adharma Sajhedarima Bidhyalaya Purwadhar Bikas | 5361733.85 | 160000 | 3000 | 2083/07/19 (5th, Nov, 2026) Before 12:00PM | 90 Days | 2083/07/10 (27th Oct, 2026) at 1:00 PM | 2083/07/19 (5th, Nov, 2026) After 1:00PM | |
| 3. | 10/BTRM/ NCB/Works/ 2083-084 | Rajmarg Ko Pool Dekhi Dakshin Khand Ko Jyamire Khola Tatbandhan | 3449096.82 | 100000 | 3000 | 2083/07/19 (5th, Nov, 2026) Before 12:00PM | 90 Days | 2083/07/10 (27th Oct, 2026) at 1:00 PM | 2083/07/19 (5th, Nov, 2026) After 1:00PM | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) | | | | | | | | |
| Cost of Bid Security | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi (East)<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182,. Bidders may also download the Bidding Documents from the official website of Binayi Tribeni Rural Municipality, Nawalparasi (East), at https://binayitribenimun.gov.np/ However, the duly completed bid documents shall be submitted in hard copy to the office of Binayi Tribeni Rural Municipality, Dumkibas, within the specified deadline.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com